यो ........ मुद्धको म्यादभित्री
लिखितजवाफ गुजेको देखिँदा
म्याद भित्रको र रीत पुर्वकको देखिँदा
लागने दस्तुर आम्दानी बाँधी मिसिल
सामेल राखी नियमानुसार गर्नु ।

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

रिट नं. ०७७-WO-१२४४

मार्फत :- महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं

जिल्ला निर्वाचन कार्यालय, ललितपुरको तर्फबाट ऐ. का जिल्ला निर्वाचन अधिकारी सुभद्रा शर्मा गौतम ........ लिखित जवाफ प्रस्तुतकर्ता

विपक्षी

विरुद्ध

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १६ बस्ने रुक्सना कपाली........ पक्ष

निवेदक

मुद्दा :- परमादेश

विपक्षी निवेदकले यस कार्यालय समेतलाई विपक्षी बनाई सम्मानित अदालत समक्ष दायर गर्नु भएको रिट निवेदनमा यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार र कारण सहित यो आदेश प्राप्त भएका मितिले १५ दिनभित्र जवाफ पेश गर्नु भनी भएको आदेश सहितको म्याद सूचना यस आयोगको मिति २०७८।०३।२८ मा प्राप्त हुन आएको हुँदा म्याद भित्रै महान्याधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ प्रस्तुत गरेको छु ।

१. म निवेदक पारलैङ्गिक महिला (Transgender female) हुँ । मेरो लैङ्गिक पहिचान महिला भएपनि अन्य लिङ्गि उल्लेख गरी मेरो नागरिकता प्रमाणपत्र दिइएको छ । मेरो राहदानी , स्थायी लेखा नम्बर कार्ड, अपाङ्गता परिचयपत्र समेतमा महिला उल्लेख गरिएको छ । निर्वाचन आयोगबाट प्रदान गरिने मतदाता परिचयपत्रमा भने म निवेदकलाई तेस्रोलिङ्गी उल्लेख गरिदिएको छ ।

नागरिकता प्रमाणपत्रमानै उल्लेख नभएको लैङ्गिकता र आफ्नो पहिचना विपरितको मतदाता परिचयपत्रका कारण मेरो आत्मसम्मान र सामाजिक स्वीकार्यतामा गम्भिर असर पुर्याएको छ । निवेदकको नागरिकता वा अरु कुनै परिचयपत्रमा तेस्रोलिङ्गी उल्लेख नभएको अबस्थामा मतदाता परिचयपत्रमा तेस्रोलिङ्गी उल्लेख गरिएको हुँदा निवेदकको संबैधानिक एवं कानुनी हक अधिकारमा गम्भीर असर पर्न गएकोले मतदाता परिचयपत्रमा निवेदकको लैङ्गिक पहिचान अनुसार "महिला" उल्लेख गर्न गराउन निर्वाचन आयोगले आफ्नो बेभसाइटमा सार्वजनिक गरिएका नागरिकको विवरण वेभसाइटबाट हटाउनु भनी विपक्षीहरुको नाउँमा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन माग दावी रहेछ ।

२. निर्वाचन आयोगबाट प्रदान गरिने मतदाता परिचयपत्रमा निवेदकको नागरिकता बमोजिम "अन्य" लिङ्गी उल्लेख नभई तेस्रो लिङ्गी उल्लेख भएको भनी विपक्षी निवेदकले उठाउनु भएको जिकिरका सम्बन्धमा निर्वाचन आयोगबाट सफ्टवेयर निर्माण गर्ने समयमा गृह मन्त्रालयको विवरण अनुसारको सफ्टवेयर निर्माण भई कार्यान्वयनमा रहेकोमा हाल गृह

जिल्ला निर्वाचन कार्यालय ललितपुर, २०५६

मन्त्रालयको विवरण संशोधन भइसकेको हुँदा सोही अनुसार निर्वाचन आयोगको विवरणमा समेत संशोधन गर्नु पर्ने भएकोले तेस्रो लिङ्गीको सट्टा अन्य लिङ्गी राखी आयोगमा मतदाता परिचयपत्र दर्ता गर्ने सफ्टवेयरमा संशोधन गर्ने प्रक्रियामा रहेको हुँदा विपक्षीले अन्यथा भन्न मिल्ने अवस्था नदेखिदा रिट निवेदन खारेजभागी छ ।

३. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अध्यावधिक र प्रकाशन गर्नुपर्ने व्यवस्था छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २५ को उपनियम (१) को खण्ड (ख) बमोजिम आफ्नो कार्यालयको यथासम्भव वेभपेज निर्माण गरी सो वेभपेजमा नागरिक वडापत्र, कार्यसञ्चालन कार्यविधि, कार्यालयसँग सम्बन्धित फाराम तथा प्रकाशनहरु र कार्यालयसँग सम्बन्धित सूचनाहरु राख्ने व्यवस्था रहेको । त्यसैगरी मतदाता नामावली ऐन, २०७३ को दफा २४ मा आयोगले यस ऐन बमोजिम प्रकाशन गरेको अन्तिम मतदाता नामावली सर्वसाधारणको जानकारी तथा मतदाताको पहुँचको लागी आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था भए अनुसार आयोगले आफ्नो वेभसाइटमा मतदाताको विवरण सार्वजनिक गरेकोमा विपक्षी निवेदकले वेभसाइटमा सार्वजनिक गरिएका विवरण वेभसाइटबाट हटाउने भनी लिएको दावी कानून सम्मत नदेखिँदा रिट निवेदन खारेजभागी छ ।

४. नागरिकता कुनै पनि राज्यको वैध नागरिक रहेको तथ्यलाई पुष्टी गर्न व्यक्तिलाई वंशज वा जन्म आधारमा स्थायी बसोबास गरेको नाताले दिने नागरिक अधिकार हो । मतदाता नामावली ऐन, २०७३ को दफा ६ ले नेपाली नागरिकको नाम मतदाताको रुपमा मतदाता नामावलीमा दर्ता गरिने व्यवस्था गरेको छ। ऐ. ऐनको दफा २७ ले आयोगले फोटो सहितको मतदाता नामावलीमा नाम समावेश भएको मतदातालाई मतदाता परिचयपत्र उपलब्ध गराउनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । मतदाता नामावली फारम र Biometric base voter registration system (BBVRS) मा मतदाताले पेश गर्ने आधार प्रमाण नागरिकतामा जै उल्लेख भएको छ सोही विवरण BBVRS मा समावेश गर्न सकिन्छ ।आयोगले फोटो तथा जैविक विवरण सहितको मतदाता नामावली संकलनका लागी BBVRS सफ्टवेयर प्रयोग गर्दै आइरहेको छ । गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयबाट जारी भएका नागरिकतामा उल्लेखित विवरणको आधारमा आयोगले मतदाताहरुको विवरण संकलन गरिरहेको छ । यस्तो अवस्थामा सम्बन्धित निकायबाट नागरिकताको विवरण सच्चाई निवेदकले दावी लिए बमोजिम लैङ्गिक पहिचान जनाउने शब्द उल्लेख भई आएको अवस्थामा सोही बमोजिम मतदाता नामवली संकलन गर्ने र सोही नामावलीको आधारमा मतदाता परिचयपत्र उपलब्ध गराउन सकिने नै हुँदा कार्यालयलाई विपक्षी बनाइएको हदसम्म प्रस्तुत रिट निवेदन खारेजभागी छ ।

५. माथी उल्लेखित तथ्य, आधार र कारण समेतबाट प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ ।

६. रिट निवेदनमा प्रत्यर्थी बनाइएका अन्य निकायबाट भए गरेको काम कारवाहीका सम्बन्धमा सम्बन्धित निकायबाट पेश हुने लिखित जवाफको व्यहोराबाट अवगत हुने नै छ ।

७. प्रस्तुत मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकीलको बहस जिकिर र पेश हुने प्रमाणलाई समेत यसै लिखित जवाफको अभिन्न अंग मानी पाउँ ।
यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

लिखित जवाफ प्रस्तुतकर्ता
सुभद्रा शर्मा गौतम
(जिल्ला निर्वाचन अधिकारी)
जिल्ला निर्वाचन कार्यालय,ललितपुर ।

इति सम्बत् २०७८ साल साउन महिना १२ गते रोज ३ शुभम् ..........................................